# विहादी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### वहाकीठाँटी, पर्वत

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः- २०८२/०८३
चलानी नं:- ३३५

(ने.सं. ११४६ कछलाथ्व १२ आइतबार)
मितिः २०८२।०७।१६

विहादी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय वहाकीठाँटी, पर्वत गण्डकी प्रदेश, नेपाल २०७३

**श्री यो जो जससँग सम्वन्धित छ ।**

**विषय :- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्वन्धी सूचना ।**

पर्वत जिल्ला विहादी गाउँपालिका अन्तर्गतको श्री आम्बारी माध्यमिक विद्यालय विहादी-२ बर्राचौर पर्वतमा रिक्त रहेको प्राथमिक तहको शिक्षक पदमा सरुवाको प्रकृया अगाडि बढाईदिन भनि विद्यालयको च. नं. १२ मिति २०८२।०७।१४ को पत्रबाट अनुरोध भई आएकोले सम्वन्धित तहको लागि योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा शिक्षा नियमावलीको अनुसुची १७ बमोजिमको ढाँचामा हाल आफू कार्यरत विद्यालय, स्थानिय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमती सहित माथी उल्लेखित विद्यालयमा निवेदन दिन शिक्षक सरुवा सम्बन्धि निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शमन बहादुर रेश्मी
प्रमुख प्रशासकीय अधिकृत

**पुःनश्च**
१. तोकिएको म्यादभित्र विद्यालयको इमेल ठेगाना :- ambarimabi@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिएको बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथी कुनै कार्वाही हुने छैन ।
३. उपल्लो तहमा (गणित, विज्ञान, अंग्रेजी) विषय अध्यापन गर्नसक्ने उम्मेदवारलाई प्राथमिकता दिइनेछ।

**बोधार्थ :-**
श्री शिक्षा विकास तथा समन्वय इकाई, पर्वत।
श्री आम्बारी माध्यमिक विद्यालय विहादी-२ ,बर्राचौर, पर्वत।